# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८१/८२
चलानी नं 320

मितिः २०८१/०४/२४

विषयः जानकारी सम्बन्धमा ।

श्री एकमुष्ठ अनुदान प्राप्त विद्यालयहरू सबै,
कोशी गाउँपालिका, सुनसरी ।

प्रस्तुत विषयमा आव २०८१/८२ का लागि एकमुष्ठ अनुदान सम्झौता गर्न चाहने विद्यालयहरुले बार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि २०७६ अनुसार सञ्चालन हुनु पर्ने व्यावस्था रहेको छ। बार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि २०७६ को परिच्छेद ४ मा अनुदान खर्च गर्ने आधार र प्रक्रिया उल्लेख भएको र प्राप्त १० लाख बाट न्युनतम योग्यता पुगेका दुई जना शिक्षकहरुको लागि वार्षिक पारिश्रमिक अनुदान, एक जना बालकक्षा शिक्षकको लागि वार्षिक पारिश्रमिक अनुदान, एक जना विद्यालय सहयोगीको लागि पुग्ने वार्षिक पारिश्रमिक अनुदान (जुन एकमुष्ठ अनुदान प्रयोजनको लागि कोशी गाउँपालिकाबाट विज्ञापन अनुमति तथा विज्ञ सिफारिसमा नियुक्ति भएका), विद्यालय व्यवस्थापन खर्च, शैक्षिक सामग्री विकास खर्च, विद्यालय सुधार योजनामा आधारित रही शैक्षिक सुधारको लागि आवश्यक खर्च, शिर्षकमा खर्च गर्नु पर्ने कानुनी व्यावस्था रहेको छ। जुन सर्त अनुसार नियुक्ति नगरेका विद्यालयहरुले मिति २०८१/०५/०५ भित्र नियमानुसार एकमुष्ठ अनुदान प्रयोजनको लागि कोशी गाउँपालिकाबाट अनुमति लिइ शिक्षक कर्मचारी नियुक्ति गर्नु गराउनु हुन सबैमा निर्देशनानुसार जानकारीका लागि अनुरोध छ। अन्यथा त्यस्ता विद्यालयहरुमा कुनैपनि प्रकारका अनुदान रकमहरु निकासा नहुने व्यहोरा जानकारी गराइन्छ।

२०८१/०४/२४

बेदराज अधिकारी
शिक्षा शाखा प्रमुख

बेदराज अधिकारी
अधिकृत छैठौं
शिक्षा शाखा प्रमुख

कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा : सूचना वेवसाइडमा अपलोड गरिदिनुहुन ।
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपूर ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, इनरुवा, सुनसरी ।